पत्र संख्याः ७७।७८
चलानी नं- .
प्राप्त पत्र संख्याः-

# धनुषा जिल्ला अदालत
## प्रशासन शाखा

फोन नं. ०४१-५२०१४५, ५२११४६
Email: inofdcdhanusha@dcourt.gov.np
कृपया पत्रोत्तरमा प्राप्त च. नं. र मिति उल्लेख गर्नुहोला ।

मिति:-२०७७।०६।०५

## सुचना

प्रस्तुत विषयमा कोरोना भाइरसको विश्वव्यापी महामारीको कारण यस अदालतको मिति २०७७।५।२८ गते प्रकाशित सूचना बमोजिम कामकारबाहीमा संकुचन गरी सम्पादन भइरहेको अवस्थामा जिल्ला प्रशासन कार्यालय धनुषाद्वारा मिति २०७७।६।४ गतेको सुचना तथा सम्मानित सर्वोच्च अदालतको मिति २०७७।६।५ गतेको सूचना समेतलाई दृष्टिगत गरी यस अदालतवाट थप सेवाहरु सुचारु गर्ने सम्बन्धमा आज मिति २०७७।६।५ गते यस अदालतको फूलकोर्टबाट भएको निर्णय बमोजिम देहायका थप सेवाहरु सुचारू हुने भएकोले यो सुचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

१ यस अदालतको पूर्ण बैठकवाट भएका अघिल्ला निर्णयहरु तथा यस अदालतका माननीय जिल्ला न्यायाधीश समेतको उपस्थितिमा श्री उच्च अदालत जनकपुरमा बसेको बैठकवाट भएको यस अदालतसंग सम्बन्धित निर्णय एवं निर्देशनहरु पुनः अधिकार प्राप्त निकायबाट भएको निर्णय वा आदेशले अन्यथा नभएसम्म कायम राखी निरन्तरता दिने।

२ जिल्ला प्रशासन कार्यालय धनुषाको मिति २०७७।०६।०४ को सुचना अनुसार जिल्ला भित्रका सार्वजनिक यातायातका सवारी साधन समेत सञ्चालनमा आएको हुंदा यस अदालतमा कारवाही युक्त अवस्थामा रहेका मुद्दा तथा निवेदनका पक्षहरुले सम्मानीत सर्वोच्च अदालतको मिति २०७७।२।१५ को आदेशानुसार मिति २०७७।६।८ गतेवाट बाटोको म्याद बाहेक ३० (तीस) दिन भित्र उपस्थित भै हदम्याद,म्याद वा तारेख थाम्ने थमाउने।

३ यस अदालतको मिति २०७७।६।२८ को फूलकोर्टको सूचना बमोजिम सञ्चालन भै रहेको कार्यको अतिरिक्त मुद्दामा साक्षी प्रमाण बुझ्ने कार्य प्राथमिकताको आधारमा देहायको क्रम अनुसार गर्ने गराउने।

देहायः

१. थुनुवा भएको मुद्दा,
२. साक्षी प्रमाण बुझ्न पहिले नै आदेश भै प्रमाण बुझ्ने कार्य अवरुद्ध भएका मुद्दा,
३. म्याद भित्र प्रतिवादी उपस्थित हुन नसकेको फौजदारी तथा एकतर्फी हुने भएको देवानी मुद्दा,
४. साक्षी प्रमाण बुझ्न मनासिब देखि आदेश भएका अन्य मुद्दा।

२०७७।०६।०५